# गैडहवा गाउँपालिका
## Gaidahawa Rural Municipality
### गाउँकार्यपालिकाको कार्यालय
### Office of the Rural Municipal Executive
गैडहवा-३, रुपन्देही
Gaidahawa-3, Rupandehi लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


मिति २०७९/०७/१७

साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सम्वन्धी सूचना ।

गैडहवा गाउँपालिका कृषि विकास शाखा रुपन्देही बाट आ व २०७९/८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना व्यवस्थापन इकाई खुमलटार ललितपुरबाट प्राप्त राष्ट्रीय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तु अन्तर्गत **गहुँ बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम** सचालन गर्नुपर्ने भएकोले उक्त पकेट कार्यक्रम संचालन गर्न इच्छुक यस गाउँपालिका अन्तरगतका कृषि समुह/कृषि सहकारी/जल उपभोक्ता समिती तथा कृषि फर्महरुले मिति २०७९/०७/१७ गते प्रकाशित सुचना अनुसार २१ दिन भित्र (मिति २०७९/०८/०७ गते भित्र) प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसुची-६ अनुसारको आवेदन र अनुसुची-७ अनुसारको आधारभुत तथ्याकं फारम भरी तपशिल अनुसारका कागजात सहित गाउँपालिकामा पेश गर्नुहुन यसै सुचना द्वारा जानकारी गराईन्छ ।

पकेट कार्यक्रम सचांलनका न्युनतम मापदण्डहरु

| क स | बाली /बस्तु | इकाई | न्युनतम क्षेत्रफल वा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | गहुँ बाली | हेक्टर | २० | एउटै क्लष्टरमा हुनुपर्नेछ |

<u>तपशिल</u>

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>

१- कृषक समुह/कृषि सहकारी /जल उपभोक्ता समिती तथा कृषि फर्मले दर्ता प्रमाण पत्रको प्रतिलिपि नियमानुसार नविकरण/सुचिकृत भएको ।
२- पकेट माग सम्बन्धि सस्थांगत निर्णयको प्रतिलिपि ।
३- स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
४- वडा कार्यालयको सिफारीस ।
५- अडिट रिपोर्ट तथा कर चुक्ताको प्रमाणपत्रको प्रतिलीपी ।
६- कार्यक्रममा सहभागीहरुको नागरीकताको प्रतिलिपि ।
७- अनुसुची-६ अनुसारको निबेदन तथा अनुसुची-७ अनुसारको विवरण फारम भरी पेश गर्नु पर्ने ।
८- कार्यक्रम सचांलन हुने स्थान जग्गाको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ बर्षको करार सम्झौता पत्रको प्रतिलीपी ।

बिस्तृत जानकारीका लागिः गैडहवा गाँउपालिका कृषि विकास शाखा गैडहवा -३ विष्नुपुरा रूपन्देहीमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्बरः- ९८६७४२३२१६/ ९८५७०३९२८२/ ९८६७७४८४७५

२०७९/७/१७

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत